# सिद्धार्थ जीवन सुरक्षा बचत खाता सँग सम्बन्धित प्रश्नहरु

**१. सिद्धार्थ जीवन सुरक्षा बचत खाता भनेको के हो ?**
न्यूनतम रु. बीस हजार (रु. २०,०००) मा खोल्न सकिने एक विशेष बचत खाता हो जस्मा **रु. १४ लाख** सम्मको बीमा सुविधा प्रदान गरिएको छ ।

**२. यस बचत खाताको ब्याजदर कति रहेको छ ?**
वार्षिक ४% प्रतिशत (त्रैमासिक रुपमा भुक्तानी गरिने)

**३. यस बचत खातामा के कति बीमा सुबिधा रहेको छ ?**

| | |
|---|---|
| आकस्मिक मृत्यु (दुर्घटना), पूर्ण शारीरिक अशक्तता बीमा | रु. १०,००,००० |
| घातक रोग विरुद्ध बीमा | रु. ३,००,००० |
| उपचार बीमा (अस्पताल भर्ना मात्र) | रु. १,००,००० |
| **जम्मा** | **रु. १४,००,०००** |

मिति ०५ मे २०२० सम्म खोलिएको खाताहरुका हकमा भने खाता खालिएको मितिबाट एक वर्ष सम्मलाई पुराना बीमा सुबिधाने अथावत रहनेछन ।

| | |
|---|---|
| आकस्मिक मृत्यु (दुर्घटना), पूर्ण शारीरिक अशक्तता बीमा | रु.२०,००,००० |
| घातक रोग विरुद्ध बीमा | रु. ५,००,००० |
| उपचार बीमा (अस्पताल भर्ना मात्र) | रु. १,००,००० |
| **जम्मा** | **रु.२६,००,०००** |

**४. यस खातामा के अतिरिक्त लाभ प्राप्त गर्न सकिन्छ ?**
यस योजनामा निम्न अतिरिक्त लाभहरु निःशुल्क प्राप्त गर्न सकिनेछ ।
- Visa Debit Card (पहिलो वर्ष)
- चेक बुक
- रु. दुई लाख सम्मको ABBS
- इन्टरनेट बैंकिङ्ग सुविधा (पहिलो वर्ष)
- सिद्धार्थ बैंक स्मार्ट र SMS Alert (पहिलो वर्ष)
- नेपाल भरिका जुनसुकै बैंकको ATM बाट निःशुल्क रकम निकाल्न सकिने

**५. यस योजना अनुरुप कस्ता प्रकारका जोखिमहरुको बीमा समावेश गरिएको छ ?**
आकस्मिक मृत्यु (दुर्घटना), पूर्ण शारीरिक अशक्तता बीमा, १८ प्रकारका विभिन्न घातक रोग विरुद्ध बीमा, उपचार बीमा (अस्पताल भर्ना मात्र) ।

**६. यस बीमा योजनाको अवधि कति रहेको छ ?**
खाता खोलेको अथवा नवीकरण भएको मितिबाट १ वर्ष सम्म रहेको छ । तर घातक रोग विरुद्ध ९० दिन र उपचार बीमाको लागि ३० दिन प्रतीक्षा (waiting) अवधि हुनेछ । तर ०६ मे २०२० वा सो पश्चात् नवीकरण गरिएका खाताहरुको हकमा भने प्रतीक्षा (waiting) अवधि लागु हुनेछैन ।

**७. सबै प्रकारको बीमाको प्रीमियम कसले तिर्नेछ ?**
यस योजना अन्तर्गत बैंकले ने सबै प्रकारको बीमाको प्रीमियम तिर्नेछ ।

**८. यस बीमा योजनामा उमेरको हदबन्दी के कस्तो रहेको छ ?**
आकस्मिक मृत्यु (दुर्घटना), पूर्ण शारीरिक अशक्तता: उमेरको कुनै हदबन्दी छैन
घातक रोग विरुद्ध : **१६ वर्ष देखी अधिकतम ६५ वर्ष सम्म**
(मिति ०५ मे २०२० सम्म खोलिएको खाताको हकमा १८ वर्ष देखी अधिकतम ६५ वर्ष सम्म)
उपचार बीमा : **१६ वर्ष देखी अधिकतम ६५ वर्ष सम्म**
(मिति ०५ मे २०२० सम्म खोलिएको खाताको हकमा ३ महिना देखी ७० वर्ष सम्म) ।
बचत कर्ता आफ्नो उमेर बमोजिम एक वा दुई वा तीनै बीमा योजनाको लाभग्राही हुनसक्ने छ ।

**९. यस योजना अन्तर्गत खाता खोल्दा कस्तो प्रकारको कागजातहरु पेश गर्नुपर्ने हुन्छ ?**
- नेपाल राष्ट्र बैंकको KYC बमोजिम चाहिने सम्पूर्ण कागजात ।
- खाता खोल्दा बीमित व्यक्ति स्वस्थ्य रहेको र कुनै घातक रोग नलागेको भनि इन्स्योरेन्स कम्पनीले दिएको ढाँचा बमोजिम बचतकर्ताले दस्तखत गरेको कागजात ।
- बीमा कम्पनीको सबै सर्त तथा बन्देजहरु स्वीकार्य हुने भनी बचत कर्ताले दस्तखत गरेको कागजात ।

**साथै बैंकले यस योजना बमोजिम खाता खोले पश्चात् निक्षेपकर्तालाई तोकिए बमोजिमको ढाचामा बीमाको प्रमाणपत्र प्रदान गर्नेछ ।**

**१०. मेरो पहिलेनै बैंकमा खाता छ भने के म यो योजनाको लागि योग्य छु ?**
पुरानो खाता भएका ग्राहकहरुले यो योजनाको लाभ प्राप्त गर्न सक्दैनन् । तर रु. पाँच सय (रु. ५००) तिरी आफ्नो खाता सिद्धार्थ जीवन सुरक्षा बचत खातामा रुपान्तरण गरी सम्पुर्ण लाभहरु लिन सकिन्छ ।

**११. के संयुक्त बचत खातावाला पनि यो योजनाको लागि योग्य छन ?**
छैनन् ।

**१२. यस बीमा योजना बमोजिम के विदेशमा पनि लाभ लिन सकिन्छ ?**
नेपाल र भारतमा अवस्थित अस्पतालमा गरिने उपचार खर्च एवम् नेपाल र भारतका अस्पतालहरुले प्रमाणित गरेको घातक रोगमा मात्र यस योजनाबाट लाभ लिन सकिन्छ । तर, आकस्मिक मृत्यु (दुर्घटना), पूर्ण शारीरिक अशक्तताका लागि कुनै सीमा लागू हुने छैन ।

**१३. के बीमितले एकै समयमा सबै प्रकारका बीमाको लाभ लिन सक्दछ ?**
घातक रोग र अस्पतालमा भर्ना भई लागेको उपचार खर्च दुबै गरी अधिकतम रु. ३,००,००० सम्म दाबी गर्न सकिन्छ । तर आकस्मिक मृत्यु (दुर्घटना), पूर्ण शारीरिक अशक्तता विरुद्ध अधिकतम रु. १०,००,००० सम्म दाबी गर्न सकिन्छ ।
मिति ०५ मे २०२० सम्म खोलिएको खाताहरुका हकमा भने घातक रोग र अस्पतालमा भर्ना भई लागेको उपचार खर्च दुबै गरी अधिकतम रु. ५,००,००० सम्म दाबी गर्न सकिन्छ । आकस्मिक मृत्यु(दुर्घटना), पूर्ण शारीरिक अशक्तता विरुद्ध अधिकतम रु. २०,००,००० सम्म दाबी गर्न सकिन्छ ।

**१४. के यस्तो दाबी रकममा कर तिर्नु पर्दछ ?**
पर्दैन ।

## आकस्मिक मृत्यु (दुर्घटना), पूर्ण शारीरिक अशक्तता सँग सम्बन्धित :

**१५. यस योजनामा कुन प्रकारका जोखिमहरु समाबेस गरिएको छ ?**
बीमा योजनामा उल्लेख गरे बमोजिमको आकस्मिक मृत्यु (दुर्घटना) तथा पूर्ण शारीरिक अशक्तता ।

**१६. यस बीमा योजनाको प्रतीक्षा (Waiting) अवधि कति रहेको छ ?**
दुर्घटनाबाट हुने मृत्युको हकमा प्रतीक्षा (waiting) अवधि लागू हुने छैन । तर ०६ मे २०२० वा सो पश्चात् नवीकरण गरिएका खाताहरुको हकमा भने प्रतीक्षा (waiting) अवधि लागु हुनेछैन ।

**१७. यस योजना अन्र्तगत न्यूनतम र अधिकतम बीमाङ्क रकम कति सम्म दिइएको छ ?**
यस योजनाको जम्मा बीमाङ्क रकम रु १०,००,००० रहको छ । तर बीमा दाबी रकम घटना भएको दिनको बचत खातामा रहेको शुरु मौजदातको ५ गुणा भन्दा बढी हुने छैन । मिति ०५ मे २०२० सम्म खोलिएको खाताहरुका हकमा भने अधिकतम रु. २०,००,००० सम्म दाबी गर्न सकिन्छ ।

**१८. आकस्मिक मृत्यु (दुर्घटना), पूर्ण शारीरिक अशक्तताको अवस्थामा दाबी प्रक्रिया कस्तो हुनेछ ?**
बीमित अथवा बीमितको कानूनी हकवालाले देहाय बमोजिमको कागजात घटना भएको ३० दिन भित्रमा सिद्धार्थ बैंकको कुनैपनि शाखामा गएर बुझाउनु पर्नेछ :
- बीमित अथवा बीमितको कानूनी हकवालाले विधीवत भरेको तथा दस्तखत सहितको दाबी फारम
- मृत्यु भएको खण्डमा मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि
- लाभग्राही र बीमित बिचको नाता प्रमाणपत्रको प्रतिलिपि
- पोष्टमार्टम रिपोर्टको प्रतिलिपि
- घटनाको आधारमा सरोकार वाला प्रहरी कार्यालयको/गाँउपालिका/नगरपालिका/उप/महानगरपालिकाको घटना सम्बन्धी प्रतिबेदनको प्रतिलिपि
- घटना स्थल मुचुल्काको प्रतिलिपि
- लाभ ग्राही र मृतक बीमितको नागरिकताको प्रतिलिपि
- बीमितको खाताको मौजदातको विवरण सहितको बैंकको दाबी पत्र
- इन्स्योरेन्स कम्पनीले निर्धारण गरेको अन्य कागजातहरु

**१९. कति दिन भित्र दाबी रकम भुक्तानी हुन्छ ?**
इन्स्योरेन्स कम्पनीमा सम्पूर्ण कागजात बुझाएको १५ दिनभित्रमा, हुन आउने दाबी रकम सिद्धार्थ बैंकमा रहेको बीमितको खातामा जम्मा गरिने छ ।

## घातक रोगहरु सँग सम्बन्धित :

**२०. यस बीमा योजनामा कुन–कुन रोगहरु विरुद्धको सुरक्षा समावेश गरिएको छ ?**
देहाय बमोजिमका १८ प्रकारका घातक रोगहरु :
- क्यान्सर (Cancer of Specified Severity)
- किड्नी निष्क्रियता (Kidney Failure Requiring Regular Dialysis)
- मल्टिपल स्कलेरोसिस (Multiple Sclerosis with Persisting Symptoms)
- दिमागको ट्युमर (Benign Brain Tumor)
- पार्किन्सनस रोग (Parkinson's Disease before the Age of 50 Years)
- अल्जाइमर्स (Alzheimer's Disease before the Age of 50 Years)
- अन्तिम अवस्थाको लिभरको रोग (End Stage Liver Disease)
- शरीरको अत्यावश्यक मुख्य अंगको प्रत्यारोपण (Major Organ/Bone Marrow Transplant)
- मुटुको भल्वप्रतिस्थापन (Open Heart Replacement or Repair of Heart Valves)
- मुटुको रक्त नलीको बाइपास शल्यक्रिया (Open Chest CABG)
- शरीरको मुख्याधमनीका शल्यक्रिया (Surgery of Aorta)
- स्ट्रोक (मस्तिष्कको रक्त संचार प्रणालीमा आउने समस्या) वामस्तिक घात जुन स्थायी रुपमा रहन्छ (Stroke Resulting in Permanent Symptoms)
- शरीरको अवयवहरुको स्थायीप्यारालाइसिस (Permanent Paralysis of Limbs)
- पहिलो हार्ट एट्याक (First Heart Attack - of Specified Severity)
- शरीर जलेको अवस्था (Major Burns)
- बोल्न नसक्ने अवस्था (Loss of Speech)
- कान नसुन्ने अवस्था (Deafness)
- अचेत भएर रहने अवस्था (Coma of Specified Severity)

**२१. यस योजना अन्तर्गत प्रतीक्षा (Waiting) अवधि कति रहेको छ ?**
यस योजनाको प्रतीक्षा (waiting) अवधि ९० दिन रहेको छ । अर्थात ग्राहकलाई खाता खोल्नु पहिलेनै माथि उल्लेखित रोग लागेको छ वा खाता खोलेको ९० दिन भित्र सो रोगहरु मध्ये कुनै रोग लागेमा बीमितले भुक्तानी दाबी गर्न पाउने छैन । तर ०६ मे २०२० वा सो पश्चात् नवीकरण गरिएका खाताहरुको हकमा भने प्रतीक्षा (waiting) अवधि लागु हुनेछैन ।

**२२. के नाबालक खातावालाहरुलाई पनि यस योजनामा समेटिएको छ ?**
छैन । **१६ वर्ष** पुगि सकेपछि वा **१६ वर्ष** पुगेको घोषणा/प्रमाणित भएपछि मात्रै उ/उनी यो योजनामा समावेश हुन पाउनेछ । मिति ०५ मे २०२० सम्म खोलिएको खाताहरुका हकमा भने १८ वर्ष पुगि सकेपछि मात्र यो योजनामा समावेश हुन पाउनेछ ।

**२३. बीमितको रोग पुष्टी भएपछि दाबी गर्ने प्रक्रिया के रहेको छ ?**
बीमितले सिद्धार्थ बैंकको कुनै पनि शाखामा गएर पहिलो पटक रोग पुष्टी भएको मितिबाट ३० दिन भित्र तपसिल बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ :

- बीमित अथवा बीमितको कानूनी हकवालाले विधिवत भरेको तथा दस्तखत सहितको दाबी फारम ।
- पहिलो पटक रोगको पुष्टी भएको भनि मान्यता प्राप्त चिकित्सकबाट प्रमाणित पत्र ।
- बीमितको सम्पूर्ण विवरण भएको बैंकको दाबी पत्र ।
- इन्स्योरेन्स कम्पनीले निर्धारण गरेको अन्य कागजातहरु ।

**२४. कति दिन भित्र दाबी रकम भुक्तानी हुनेछ ?**
इन्स्योरेन्स कम्पनीमा सम्पूर्ण कागजात पेश गरेको १५ दिन भित्र बीमाङ्क दाबी रकम बढीमा **रु. तिन लाख (रु. ३,००,०००)** सिद्धार्थ बैंकमा रहेको बीमितको खातामा जम्मा गरिने छ । मिति ०५ मे २०२० सम्म खोलिएको खाताहरुका हकमा भने बढीमा रु. पाँच लाख (रु. ५,००,०००) सिद्धार्थ बैंकमा रहेको बीमितको खातामा जम्मा गरिने छ ।

**२५. कति पटक अथवा कति घातक रोग विरुद्ध, एक बीमितको बीमा भुक्तानी हुन सक्छ ?**
यस योजना अनुरुप बीमितले एक पटक मात्र बीमाको दाबी भुक्तानी पाउनेछ ।

## उपचार बीमा (अस्पताल भर्ना मात्र) सँग सम्बन्धित :

**२६. के बीमितले सबै प्रकारका मेडिकल खर्चहरु दाबी गर्न पाउँछ ?**
पाउँदैन । बीमित व्यक्ति अस्पतालमा कमसेकम पनि २४ घण्टाका लागि भर्ना भई गराइएको उपचार खर्च हुनुपर्नेछ । तर यो योजना बमोजिम समाबेश नभएका रोगहरुको भने कुनै प्रकारका खर्चहरुको दाबी गर्न मिल्ने छैन ।

**२७. के कस्ता रोगहरुको उपचार खर्चहरु यस बीमा अन्तर्गत समाबेश गरिएका छैनन् ?**
सुत्केरी, आँखा, दातको उपचार खर्च तथा यस योजनाले नसमेट्ने भनी तोकिएका अन्य रोगहरु ।

**२८. यस योजना अन्तर्गतका प्रतीक्षा (Waiting) अवधि कति रहेको छ ?**
यस योजनाको प्रतीक्षा (waiting) अवधि ३० दिन रहेको छ । बीमितले खाता खोलेको ३० दिन पछि मात्र यस बीमा योजनामा समेटिने छ । तर ०६ मे २०२० वा सो पश्चात् नवीकरण गरिएका खाताहरुको हकमा भने प्रतीक्षा (waiting) अवधि लागु हुनेछैन ।

**२९. यस योजनाको दाबीको रकम कति हो ?**
दाबी रकम रु. १००,००० वा वास्तविक मेडिकल खर्चमा जुन कम हुन्छ, त्यही हुनेछ । तर, न्यूनतम रु. पाँच सय (रु. ५००) वा दाबी रकम को ५ प्रतिशतमा जुन बढी हुन्छ, त्यो घटाएर दाबी भुक्तानी गरिने छ ।
मिति ०५ मे २०२० सम्म खोलिएको खाताहरुका हकमा भने पहिलो पल्ट अस्पताल भर्नाको दाबी रकम रु. ७०,००० वा वास्तविक मेडिकल खर्चमा जुन कम हुन्छ, त्यही हुनेछ । तर, न्यूनतम रु. पाँच सय (रु. ५००) वा दाबी रकम को ५ प्रतिशतमा जुन बढी हुन्छ, त्यो घटाएर दाबी भुक्तानी गरिने छ ।

**३०. बीमितले बाँकी रकम कहिले दाबी गर्न सक्छ ?**
बाँकी रकम आगामी दिनहरुमा भएको मेडिकल खर्चको आधारमा दाबी गर्न सकिनेछ । यसरी दाबी गर्दा न्यूनतम रु. ५०० वा दाबी रकमको ५ प्रतिशतमा जुन बढी हुन्छ, त्यो घटाएर दाबी भुक्तानी गरिने छ ।

**३१. यस योजनाको दाबी प्रक्रिया कस्तो हुन्छ ?**
बीमितले सिद्धार्थ बैंकको कुनै पनि शाखामा गएर अस्पतालबाट डिस्चार्ज भएको ३० दिन भित्र तपसिल बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

- बीमितले विधिवत भरेको तथा दस्तखत सहितको दाबी फारम
- मान्यता प्राप्त चिकित्सकको पर्चीको प्रतिलिपी
- उपचार एवम् औषधी खर्चको सक्कल बिल
- भर्ना भएको र डिस्चार्ज भएको स्लिपको प्रतिलिपी
- बीमितको सम्पूर्ण विवरण भएको बैंक दाबी पत्र
- इन्स्योरेन्स कम्पनीले निर्धारित गरेको अन्य कागजातहरु

**३२. कति दिन भित्र दाबी रकम भुक्तानी हुन्छ ?**
इन्स्योरेन्स कम्पनीमा कागजात बुझाएको १५ दिन भित्र दाबी रकम सिद्धार्थ बैंकमा रहेको बीमितको खातामा जम्मा गरिने छ ।

- **इन्स्योरेन्स कम्पनीले तोके बमोजिमका सबै सर्त तथा बन्देजहरु लागु हुनेछन् । विस्तृत जानकारीका लागि सबै योजनाहरुको पोलिसीहरु पढ्न अनुरोध गरिन्छ ।**
- **संशोधित सर्त तथा बन्देजहरु मिति ०६ मे २०२० वा तत् पश्चात् खोलिएका नया खाता एवम् नवीकरण भएको मितीबाट एक बर्ष सम्म लागु हुनेछ । साथै मिति ०५ मे २०२० सम्म खोलिएका खाताहरुको हकमा भने खाता खोलिएको एक बर्ष सम्मका लागि पुराने सर्त तथा बन्देजहरु लागु हुनेछ ।**
- **बीमा पोलिसीमा भएका संशोधनहरुलाई बोल्ड् रुपमा प्रस्तुत गरिएको छ ।**

**SiddharthaBank**

130/23, Hattisar, Kathmandu
फोन नं.: 01-4442919, 01-4442920 | फ्याक्स: 977-1-4442921
इमेल: sbl@siddharthabank.com | वेब: www.siddharthabank.com



# हामी ढुक्क छौं

## किनकि हामीसँग छ सिद्धार्थ बैंकको जीवन सुरक्षा बचत खाता




**जीवनमा आइपर्ने आकस्मिक अप्ठेराहरुको व्यवस्थापनमा हामीलाई सदैव हाम्रो बैंकको विश्वसनीय साथ रहेको छ ।**

**सम्बन्ध सधैंभरिलाई**

- रु १४ लाखसम्मको बीमा सुविधा (नेपाल तथा भारतमा गरिने उपचार खर्चको हकमा लागू हुने)
- पूर्ण शारीरिक अशक्तता/ दुर्घटना मृत्यु बीमा
- १८ प्रकारका घातक रोग विरुद्ध उपचार बीमा
- आकर्षक ब्याजदर
- नेपालभरिका जुनसुकै बैंकको ATM बाट निःशुल्क रकम निकाल्न सकिने

**SiddharthaBank**

www.siddharthabank.com